स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
(पहिलो संशोधन समेत मिलाइएको)

संशोधन गर्ने कार्यविधि	मा. मन्त्रीस्तरबाट स्वीकृत मिति
स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७	२०७७/०५/१९

प्रस्तावनाः प्रदेश नं. ५ भित्र रहेका कृषियोग्य बाँझो जग्गाको अधिकत्तम उपयोग गरी व्यावसायिक रुपमा खेति गर्न सक्ने कृषक, सहकारी, कृषि समूह, कृषि फार्मलाई कृषि व्यवसायमा संलग्न गराई प्रदेशको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रम स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "करार खेती गर्ने कृषक" भन्नाले व्यावसायिक रुपमा खेती गर्न ईच्छा भएका तर आफ्नो जग्गा प्रशस्त नभएका, भाडामा खेती गर्न सक्ने हैसियत भएको कृषक वा कृषक समूहलाई सम्झनु पर्छ। यस शब्दले निजी फार्म, सहकारी संस्था समेतलाई जनाउँछ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(घ) "मातहतका कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, सहकारी प्रशिक्षालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(च) "भूमिहिन किसान" भन्नाले तराईमा ५ कठ्ठा वा पहाडमा ३ रोपनी भन्दा कम जग्गा प्रमाणित भएको व्यक्ति वा कृषकलाई सम्झनु पर्छ।[1]

३. **<u>उद्देश्यहरुः</u>** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्ः

(क) व्यावसायिक रुपमा खेती गर्न सक्ने कृषक वा कृषक समूह वा फार्मलाई खेतीमा संलग्न गराउने,

(ख) कृषियोग्य बाँझो जग्गाको अधिकतम उपयोग गरी उत्पादकत्व बढाउने, र

(ग) प्रदेशको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने।

परिच्छेद-२

<u>कार्यक्रम सञ्चालन तथा अनुदानसम्बन्धी व्यवस्था</u>

४. **<u>कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी व्यवस्थाः</u>** (१) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न चाहेमा भाडाको रकममा पहिलो वर्ष शतप्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत र तेस्रो वर्षमा २५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ भने चौथो वर्षदेखि अनुदान उपलब्ध गराइने छैन।

(२) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पाउने जग्गाको भाडा स्थानीय दररेट भन्दा बढी नहुनेगरी प्रति हेक्टर बढीमा रु ६०,०००।०० (अक्षरुपी साठी हजार मात्र) मा नबढाई जग्गा धनी र किसान बीचको सम्झौता बमोजिम कायम गरिनेछ।

[1] पहिलो सशोधनद्वारा थप

(३) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले एकल वा समूहमा गरी तराई वा पहाडमा न्यूनतम १ हेक्टर एकै क्लस्टरमा हुने गरी खेती गर्नु पर्नेछ। पशुपन्छी व्यवसाय प्रवर्द्धनको हकमा भने घाँस खेती विस्तार तथा घाँस उत्पादनका लागि समेत भाडा रकम तथा पूर्वाधार विकास खर्च उपलब्ध गराइनेछ। करार खेती गर्ने किसानले कृषि उत्पादनका लागि गुठी, निजी, सरकारी, सार्वजनिक वा संस्थाको जमिन भाडामा लिन सक्नेछ।

(४) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले १ वर्षे वा सोभन्दा कम अवधिको बाली लगाउने भए कम्तिमा ५ वर्षको र बहुवर्षीय खेतीका लागि कम्तिमा १५ वर्षको करारनामा भएको हुनु पर्नेछ।

(५) गुठी, सार्वजनिक संस्था तथा अन्य सरकारी जग्गाहरुको हकमा भने सम्बन्धित निकाय र स्थानीय तहको अनुमति पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

(६) कार्यक्रमबाट करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मलाई बढीमा ७ हेक्टरसम्मको भाडा बापतको रकम मात्र उपलब्ध गराईनेछ।

(७) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले खेती गर्दा कम्तिमा ३ वर्षको वार्षिक कार्ययोजना निर्माण गरी कृषि प्राविधिकको सल्लाहमा वाली पात्रो समेत तयार गरी व्यावसायिक कृषि गर्नु पर्नेछ। उक्त कार्ययोजना तथा बाली पात्रो प्रस्तावसँग पेश गर्नु पर्नेछ।

(८) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न निःशुल्क प्राविधिक सेवाटेवा तथा अन्य शीर्षकमा उपदफा (१४) मा रहेको तालिका नं. १ बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ।

(९) कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले वार्षिक बजेटमा व्यवस्था भएको बजेटको सीमा भित्र रही अनुदान उपलब्ध गराउनेछ तथा शर्त अनुसार काम नभएमा अनुदान उपलब्ध गराइने छैन। करार खेती (कृषि तथा पशुपन्छी पालन) गर्नका लागि आवश्यक कागजात तथा मापदण्डहरु अनुसूची-२ बमोजिम हुनेछ।

(१०) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले व्यावसायिक खेती गर्न मन्त्रालय वा मातहतका कार्यालयमा अनुसूची-४ अनुसारको प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ।

(११) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले अनुदान लिन व्यावसायिक खेती गर्न जग्गा भाडा लिने र दिने पक्षबीच भएको करारनामा पत्र, व्यावसायिक योजना साथ संलग्न गरी मन्त्रालय वा मातहतका कार्यालयमा पेश गर्नु पर्नेछ। यस्तो करारनामा सम्बन्धित स्थानीय तहको रोहबर र रेखदेखमा हुनेछ।

(१२) करार कृषक वा कृषक समूह वा फार्मले पेश गरेका व्यावसायिक योजना कार्यक्रम सञ्चालन गर्ने कार्यालयमा रहेको कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृत भएको हुनुपर्नेछ।

तर मन्त्रालय वा तालुक निकायबाट विगतबाटै सम्झौता भई संचालनमा रहेका र हस्तान्तरण भई आएका आयोजनाको हकमा पुनः स्वीकृत गर्नुपर्ने छैन ।[2]

(१३) व्यवसायोन्मुख सम्भाव्यता भएका कृषक वा कृषक समूह वा फार्मले कृषि प्राविधिकको प्रत्यक्ष संलग्नता गराएको हुनुपर्नेछ।

(१४) करार खेतीका लागि करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले देहाय बमोजिमको कार्यक्रमको लागि तालिका नं. १ मा उल्लिखित अनुदान उपलब्ध गराउन सकिनेछ :-

तालिका नं. १

प्रति क्लस्टर तराई वा पहाडमा दिने अनुदान रकम					
क्र. सं.	**कार्यक्रम**	**अनुदानको किसिम**	**अनुदानको दर**	**अनुदान प्रतिशत**	**कैफियत**
१	करार खेतीमा अनुदान कार्यक्रम	जग्गा भाडा	प्रति हेक्टर बढीमा ६०,०००।००	पहिलो वर्ष जग्गा भाडा १००%, दोस्रो वर्ष ५०%र तेस्रो वर्ष २५%	
२	करार खेतीमा अनुदान कार्यक्रम	उत्पादनका लागि पूर्वाधार विकास खर्च	औचित्य हेरी कार्ययोजना अनुसार प्रति हेक्टरका लागि बढीमा रु.७५हजार र अधिकत्तम ७ हेक्टर सम्म	प्रति व्यक्ती/उद्यमीको लागि बढिमा ५ लाख नबढ्ने गरि प्रति हेक्टरका लागि कुल लागतको ५० प्रतिशत वा ७५ हजार मध्ये जुन कम हुन आउँछ सो बराबरको अनुदान उपलब्ध गराउन सकिनेछ। पहिलो वर्ष ५०, दोश्रो वर्ष ३० र तेश्रो वर्ष २० प्रतिशत गरी बढीमा तीन	७५ हजार रकम मध्ये कम्तिमा १०% रकम उत्पादन सामग्रीमा खर्च गर्न सक्नेछन ।(प्राविधिक कारणले पहिलो

[2] पहिलो संशोधनद्वारा संशोधित

				किस्तामा रकम भुक्तानी गरिनेछ। तर भूमिहिन किसानको हकमा भने प्रति व्यक्ती बढीमा रु ५ लाख नबढ्ने गरि प्रति हेक्टरका लागि कुल लागतको ८५ प्रतिशत वा रु ७५ हजार मध्ये जुन कम हुन आउँछ सो बराबरको अनुदान प्रदान गरिनेछ। पहिलो वर्षमा नै अनुदान बापत पाउने सबै कार्य सम्पन्न गरेको भएमा पहिलो वर्ष ५० प्रतिशत मात्र भुक्तानी पाउनेछ, दोस्रो र तेस्रो किस्ता प्राप्त गर्न पुनः बिल भर्पाई पेश गर्नुपर्ने छैन ।[3]	वर्ष कार्य सम्पन्न हुन नसके कार्ययोजना अनुसार दोश्रो वर्ष भुक्तानी हुन सक्नेछ।)

५. <u>व्यावसायिक कार्ययोजना माग तथा छनौट विधिः</u> (१) यस कार्यविधि अनुरुप जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न इच्छुक कृषक वा कृषक समूह वा फार्मबाट दफा ४ को उपदफा (१) र (२) बमोजिम अनुदानको लागि मन्त्रालय वा मातहतका कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(२) यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न कृषक वा कृषक समूह वा फार्मले निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु एवम् व्यावसायिक योजनामा उल्लेख हुनु पर्ने विवरणहरु तथा कागजात स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(२क) कार्यक्रममा सहभागी हुन चाहनेले पहिला स्थानीय तहबाट सिफारिस भएपछि मात्र कार्यक्रम सञ्चालन हुने कार्यालयमा प्रस्ताव पेश गर्नुपर्दछ। यसरी प्रस्ताव पेश गर्दा स्थानीय तहले आफ्नो तहमा प्राप्त भएका सम्पूर्ण प्रस्तावकहरुको एकमुष्ट रुपमा कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।[4]

[3] पहिलो संशोधनद्वारा संशोधित

[4] पहिलो संशोधनद्वारा थप

(३) कृषक वा कृषक समूह वा फार्मले सार्वजनिक सूचनामा तोकिएको मितिभित्र तोकिएको कार्यालयमा यस कार्यविधिको अनुसूची-४ अनुसारको आयोजना प्रस्ताव, अनुसूची-७ बमोजिमको ढाँचामा स्थानीय तहको सिफारिस पत्र र जग्गा भाडामा लिएको करारनामा सहित अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(३क) यसरी आवेदन पेश गर्दा स्थानीय तहबाट कार्यक्रम सञ्चालनका लागि उपयुक्त भएको भनी अनुसूची-८ बमोजिम कार्यक्रम सञ्चालन हुने कार्यालयमा सिफारिस भएको हुनुपर्नेछ।[5]

(४) जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने कृषक वा कृषक समूह वा फार्मबाट पेश भएका प्रस्तावको क्षेत्र प्रमाणीकरण गरी स्थलगत अनुगमन टोलीले प्रतिवेदन कार्यक्रम सञ्चालन गर्ने कार्यालयमा पेश गर्नु पर्नेछ।[6]

(५) व्यवसायिक रुपमा तरकारी, नगदे बाली, मत्स्य पालन, पशुपालन गर्ने कृषकलाई प्राथमिकता दिइनेछ।

(६) प्रस्ताव छनौट गर्दा महिनाभरी प्राप्त भएका प्रस्तावहरुलाई उक्त महिनाको अन्त्यमा छनौट गरिसक्नुपर्नेछ। प्रस्ताव पेश गर्ने प्रस्तावहरुमध्ये भूमिहिन किसानलाई पहिलो प्राथमिकता राखी तत्पश्चात शुरुमा प्रस्ताव पेश गर्नेलाई पहिलो प्राथमिकता दिइनेछ र त्यसै गरि अन्यलाई क्रमशः छनौट गरिनेछ।

पहिलो वर्ष मापदण्ड पुगेको प्रस्तावकले बजेट सीमाका कारण समावेश हुन नसकेमा अगामी वर्षको कार्यक्रममा पुनः निवेदन पेश गर्नु पर्दैन।[7]

(७) कार्यक्रमको क्षेत्र तथा आयोजनाको संयुक्त अनुगमन टोलीमा मन्त्रालय र मातहत कार्यालय, स्थानीय तहका प्रतिनिधि वा सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्यलाई समेत समावेश गर्न सकिनेछ।

---

[5] पहिलो संशोधनद्वारा थप

[6] पहिलो संशोधनद्वारा संशोधित

[7] पहिलो संशोधनद्वारा संशोधित

६. **<u>अनुदान प्रवाह विधिः</u>** जग्गा भाडामा लिइ व्यावसायिक खेती गर्ने कृषक वा कृषक समूह वा फार्मलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछः-

(क) अनुदानको लागि अन्तिम छनौटमा परेको प्रस्तावका बारे सम्बन्धित कृषक वा कृषक समूह वा फार्मलाई यथाशिघ्र पत्राचार गरी सम्झौताको लागि मन्त्रालय वा मातहतको कार्यलयले जानकारी गराउनेछ। मन्त्रालय वा मातहत कार्यालयले स्थानीय तहको रोहवरमा छनौट भएका कृषक वा समूहसँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गराउनेछ।

(ख) अनुदानग्राही कृषक र जग्गा धनी बीच जग्गा करारनामा गर्दा स्थानीय तहको रोहवरमा गर्नु पर्नेछ।

(ग) अन्तिम छनौटमा परेको कुनै कृषक वा कृषक समूह वा फार्मले तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक सूचीमा परेका कृषक वा कृषक समूह वा फार्म सँग सम्झौता गरी कार्य अगाडि बढाइनेछ।

(घ) अनुदानको लागि छनौट भएको कृषक वा कृषक समूह वा फार्मले सम्झौता गर्नु अगावै कार्य योजना अनुसारको कार्य गर्ने प्रतिबद्धता सहित जग्गा भाडामा लिई व्यावसायिक खेती गर्नका लागि सम्बन्धित जग्गा धनीहरु/स्थानीय तहसँग औपचारिक करारनामा वा स्वीकृती पत्र प्राप्त गरिसकेको हुनु पर्नेछ।

(ङ) अनुदान रकम बढी प्राप्त गर्ने मनसायले मिलेमतो गरी अस्वभाविक भाडा सम्झौता गरेको पाईएमा निर्णयकर्ता र सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

(च) जग्गा भाडा वापतको रकम सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा र स्थानीय तहको सिफारिसमा कृषकलाई एसिपेयी चेक मार्फत भुक्तानी गरिनेछ। कार्य सम्पन्न प्रतिवेदनका आधारमा करार खेती शुरु गरिएको ६ महिनापछि ५० प्रतिशत र १ वर्ष पुगेपछि वर्षभरिकै भाडा भुक्तानी दिइनेछ।

(छ) सम्झौता गरिएका कृषक वा कृषक समूह वा फार्मले सम्पादन गरेको कार्यक्रमको चौमासिक तथा वार्षिक प्रगति विवरण मन्त्रालय मातहतका कार्यालयले तयार गरी पेश गर्नुपर्नेछ।

(ज) सम्झौता गरिएका कृषक वा कृषक समूह वा फार्मले बाली पात्रो तथा कार्ययोजना बमोजिमको कार्य सन्तोषजनक रुममा सम्पादन नगरेको पाइएमा उक्त सम्झौता कुनै पनि बेला रद्ध गरिनेछ।

७. **भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः** (१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखि पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको बिल, कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि,

(घ) विल विजकहरुको सक्कल प्रति,

(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(च) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(छ) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(ज) समूह सहकारीको हकमा आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम अनुदान रकम उपलब्ध गराईनेछ।

८. **रकम उपलब्धताका आधारहरु** : अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(ख) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन। तर क्षेत्र बिस्तार गर्न यस खण्डले बाधा पार्नेछैन।

(ग) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(घ) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ङ) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(च) कार्यसम्पन्न भए पश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक बिल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

परिच्छेद-३

समिति सम्बन्धी व्यवस्था

९. **समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

(क)	मन्त्री	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	अध्यक्ष
(ख)	सचिव	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	सदस्य
(ग)	प्रमुख	मन्त्रालयको सम्बन्धित महाशाखा	सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ

(३) कार्यक्रम सञ्चालन गर्न देहायबमोजिम कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

(क)	सचिव	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	अध्यक्ष
(ख)	प्रमुख	प्रशासन तथा सहकारी विकास महाशाखा	सदस्य
(ग)	प्रमुख	खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा	सदस्य
(घ)	प्रमुख	पशुपन्छी विकास महाशाखा	सदस्य
(ङ)	प्रमुख	योजना तथा अनुगमन महाशाखा	सदस्य

(च) प्रमुख भूमि व्यवस्था महाशाखा सदस्य सचिव

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वीकृत कार्य योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने गराउने,

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने कार्य गर्ने,

(ग) लक्षित वर्गका समुदायका कृषकहरुको गरिबी न्यूनीकरणका लागि अन्य कार्यक्रम तथा सुझाव दिने,

(घ) कार्यक्रमलाई प्रभावकारी बनाउन मातहतका कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई आवश्यक सुझाव दिने,

(ङ) अनुगमन कार्यका लागि आवश्यकता अनुरुप निर्देशनालय तथा जिल्ला स्तरीय टोली गठन गरी परिचालन गर्ने/गराउने ।

(६) यस कार्याविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी कार्यक्रम व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिमको मूल्यांकन तथा सिफारिस समिति गठन हुनेछः-

(क)	प्रमुख	भूमि व्यवस्था महाशाखा	अध्यक्ष
(ख)	प्रमुख	अनुगमन तथा मूल्याङ्कन शाखा	सदस्य
(ग)	प्रमुख	कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा	सदस्य
(घ)	कानून अधिकृत	मन्त्रालय	सदस्य
(ङ)	प्रमुख	आर्थिक प्रशासन शाखा	सदस्य
(च)	प्रमुख	जग्गा प्रशासन शाखा	सदस्य सचिव

(७) मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) ईच्छुक कृषकहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम

व्यवस्थापन समितिमा प्राथमिकताका आधारमा पेश गर्ने।

(ख) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/ गराउने।

(८क) जिल्लास्थित कार्यालयमा प्राप्त भएका प्रस्तावको मूल्याङ्कन, छनौट तथा स्वीकृतिका लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः

(क) मन्त्रालय मातहतका जिल्ला स्थित विषयगत कार्यालयको प्रमुख -अध्यक्ष

(ख) कार्यालयले तोकेको कृषि/पशुपंक्षी हेर्ने अधिकृत -सदस्य

(ग) प्रशासन शाखाको कर्मचारी—सदस्य

(घ) लेखा शाखा प्रमुख -सदस्य

(ङ) कार्यक्रम हेर्ने शाखा प्रमुख- सदस्य सचिव

(८ख) उपदफा (८क) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) इच्छुक कृषकहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण स्थलगत अनुगमन प्रतिवेदनलाई आधार लिई प्राथमिकताका आधारमा छनौट तथा स्वीकृत गर्ने ।

(ख) मूल्याङ्कनको क्रममा आवश्यकतानुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(ग) कार्यक्रम संचालनको क्रममा कुनै जटिलता उत्पन्न भई निर्णय गर्न कठिन भएमा उपदफा (३) मा रहेको समितिमा आवश्यक निर्देशनका लागि सिफारिस गर्ने ।[8]

(९) कार्यक्रमहरु सञ्चालनमा आएपश्चातका नियमित अनुगमन तथा मूल्याङ्कन कार्य मन्त्रालय र निर्देशनालय मातहतको कार्यालयबाट हुनेछ। यसरी अनुगमन गर्दा स्थानीय तहसँग समेत समन्वय गर्न सकिनेछ।

परिच्छेद-४

अनुगमन र समन्वय

१०. **अनुगमन** (१) अनुदान प्राप्त कृषक वा कृषक समूह वा फार्मले गर्ने खेती कार्यक्रमको अनुगमन मन्त्रालय, मातहतका कार्यालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ। अनुगमनको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

[8] पहिलो संशोधनद्वारा थप

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

११. **समन्वयः** मन्त्रालयले करार खेती कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

परिच्छेद-५

विविध

१२.**सार्वजनिक परीक्षण** : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१३. **कारवाहीको व्यवस्थाः** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ।

१४. **प्रचलित कानून लागू हुनेः** यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१५. **संशोधन तथा परिमार्जनः** (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

करार खेती कार्यक्रम सञ्चालन सम्बन्धी सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति.....

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/.....कार्यालय.....द्वारा आ.व..... को स्थानीय तहको सहकार्यमा करार खेती मार्फत व्यावसायिक खेतीमा बजेट उपलब्धताका आधारमा अनुदान उपलब्ध गराउने रहेकाले इच्छुक स्थानीय तह/व्यक्ति/समूह/फार्मले आवश्यक कागजात सहितको निवेदन यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी आवश्यक कागजात तथा मापदण्ड सम्बन्धी थप जानकारी मन्त्रालयको वेबसाइट molmac.p5.gov.np बाट वा यस मन्त्रालय मातहतका कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।[9]

[9] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-२

(दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

करार खेती कार्यक्रममा सहभागी हुँदा आवश्यक पर्ने कागजात तथा मापदण्डहरु

(१) प्रदेशभित्रका आवेदक तथा भूमिहीन कृषकलाई प्राथमिकता दिईने

(२) भाडामा लिईने जग्गा सरकारी, सार्वजनिक, गुठी वा विद्यालय वा संस्था, बाँझो तथा जग्गा कुनैपनि हुन सक्ने छ तर प्रस्तावको मूल्यांकन गर्दा भाडामा लिइएको जग्गालाई निम्न प्राथमिकता अनुसार मूल्याङ्कन गरिनेछः-

पहिलो प्रथामिकता: सरकारी स्वामित्वमा रहेका जग्गा

दोस्रो प्रथामिकता: गुठी वा विद्यालय वा अन्य संस्थानको जग्गा

तेस्रो प्रथामिकता: अनुपस्थित जग्गाधनीहरुको बाँझो जग्गा

चौथो प्रथामिकता: अनुपस्थित जग्गाधनीहरुको खेती भैरहेको जग्गा

पाँचौ प्रथामिकता: उपस्थित जग्गाधनीहरुको खेती भैरहेको जग्गा

(३) एक वर्षीय बाली लगाउने भए कम्तिमा ५ वर्षको र फलफूल वा स्थायी संरचना खडा गरी खेती गर्ने अवस्था भएमा कम्तिमा १५ वर्षको कृषक र जग्गाधनी बीचको जग्गा करारनामा हुनु पर्नेछ र उक्त करारनामा स्थानीय तहको रोहवरमा हुनुपर्नेछ।

(४) भाडामा लिने दिने जग्गा कम्तिमा १ हेक्टर तराई वा पहाडमा एकै कलष्टरमा हुनु पर्नेछ र सो जग्गा एक वा एक भन्दा बढि व्यक्ति वा संस्था/ फार्मको स्वामित्वमा रहेको हुन सक्नेछ।

(५) पशुपन्छी पालनको हकमा भने घाँस उत्पादन क्षेत्र सहित तराई वा पहाडमा कम्तिमा एक हेक्टर हुनुपर्नेछ।[10]

(६) जग्गा धनी र भाडा लिने कृषक/समूह/फार्म बिचको सम्झौता स्थानीय तहको रोहबरमा गरिएको हुनु पर्नेछ।

(७) यसरी जग्गा भाडामा लिई खेती गर्ने कृषक/समूह/फार्मलाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पहिलो वर्ष १००%, दोस्रो वर्ष ५०%, र तेस्रो वर्ष २५% जग्गा भाडा उपलब्ध गराउनेछ।

[10] पहिलो संशोधनद्वारा संशोधित

(८) प्रति क्लस्टर तराई वा पहाडमा १ हेक्टरमा कृषि उत्पादनका लागि पूर्वाधार विकास खर्च कुल लागतको ८५ प्रतिशत वा १ लाख मध्ये जुन कम हुन आउँछ उक्त रकम अनुदान स्वरुप उपलब्ध हुनेछ। अनुदान रकम मध्येको अधिकत्तम १०% सम्म रकम आवश्यकता अनुसार उत्पादन सामग्री खरिदमा खर्च गर्न सकिनेछ।

(९) यसरी भाडामा लिई खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पूरा समय अवधि खेती गर्ने प्रतिबद्धता जनाउनु पर्ने र बिचमा सम्झौता तोडिएको अवस्थामा भाडा रकम सम्बन्धित कृषकबाट असूल उपर गर्न सकिने छ।

(१०) करारमा खेती गर्न इच्छुक कृषक वा कृषक समूह वा फार्मले अनुसूची ३ र ४ बमोजिमको ढाँचामा निबेदन र आयोजनाको प्रस्ताव पेश गर्नु पर्नेछ।

(११) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले नेपाली नगरिकताको प्रमाण पत्रको प्रतिलिपी निवेदन संगै पेश गर्नुपर्नेछ।

(१२) सम्भाव्यताका आधारमा कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र समावेश गर्नुपर्नेछ।

अनुसूची-३

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

करार खेती कार्यक्रम संञ्चालनसम्बन्धी आवेदन-पत्रको निवेदनको ढाँचा

मितिः .....

श्रीमान् कार्यालय प्रमुखज्यू,
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/.....
कार्यालय.....,
प्रदेश नं. ५, नेपाल ।

विषयः करारमा खेती (कृषि तथा पशुपन्छी पालन) व्यावसायिक कृषि कार्यक्रमका लागि प्रस्ताव पेश गरेको बारे।

महोदय,

प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय /.....कार्यालय.....को मिति .....को .....पत्रिकामा प्रकाशित सूचना अनुसार .....मैले/हामीले जग्गा करार लिई.....व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने भएकोले तपसिल अनुसारका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौ। उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु/गर्नेछौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ। पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ।

तपसिलः

१. अनूसूची-४ अनुसारको आयोजनाको प्रस्ताव
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. जग्गा धनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बीचको सम्झौता

सम्बन्धित स्थानीय तहको रोहबरमा गरिएको प्रतिलिपि

४. जग्गा धनिको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी

५. खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धता पत्र

६. भूमिहिन वा गरिव कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरिव किसानको सिफारिस पत्र। (पहाडमा ३ रोपनी वा तराइमा ५ कठ्ठा भन्दा कम जग्गा भएको वा परिवारका सदस्य मध्य कोही पनि सरकारी वा गैर सरकारी सेवामा नरहेको वा अन्य ब्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरिब घरधुरी सर्वेक्षणको परिचय पत्रवाहक)

७. कृषि ज्ञान केन्द्र वा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/.....कार्यालयको सिफारिस पत्र।

८. अनूसूची-८ अनुसारको स्थानीय तहको सिफारिस पत्र।[11]

निवेदन दिनेको तर्फबाट
नाम:
ठेगाना:
दस्तखत:
मिति:
सम्पर्क नं:

[11] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

करार खेती कार्यक्रम सञ्चालन प्रस्ताव ढाँचा

कार्यालय प्रयोजनको लागि मात्र			
कार्यक्रम संकेत नं.		प्राथमिकीकरण	

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

आवेदकको विवरण			
नाम थरः			
ठेगानाः			
नागरिकता नं			
वैवाहिक स्थिति			
आवेदकको किसिम (भूमिहीन वा अन्य)			
परिवारमा श्रम गर्ने सदस्य संख्या			
आफूसँग रहेको जमिनको क्षेत्रफल र किसिम			
परिवारका अन्य सदस्यको वैकल्पिक पेशा र मासिक आम्दानी			
सम्पर्क नं			
ईमेल ठेगानाः			
प्रस्तावित आयोजना स्थल जिल्लाः स्थानीय तहको नाम र वडाः			
भाडामा लिने जग्गाको कूल क्षेत्रफलः			
भाडामा लिने जग्गाको स्वामित्व (जग्गा धनीको	जग्गाको कित्ता नम्बर	क्षेत्रफल	वार्षिक भाडा दर प्रति रोपनी वा प्रति बिगाह

नामथर ठेगाना)			
कृषि व्यवसायको विवरण(वर्षभरी)			
प्रस्तावित आयोजनाको कूल खर्च रकम		जम्मा लागत	अनुदान माग रकम
पूर्वाधार विकास खर्च			
भाडा			
उत्पादन सामग्री			
अन्य खर्च			
भाडा			
जम्मा खर्च			
जम्मा आम्दानी अनुमानित			
पहिलो वर्ष			
दोश्रो वर्ष			
तेश्रो वर्ष			

२) प्रस्तावित आयोजना सम्बन्धमा

क) प्रस्तावित आयोजनाको शीर्षक/ विषयः

ख) पृष्ठभूमिः

ग) उद्देश्यहरुः

घ) सामुहिक प्रस्तावको हकमा प्रस्तावित आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्याः

ङ) खेती गर्ने बालीको विस्तृत उत्पादन विवरणः

पशु	संख्या	बाली/खेती	क्षेत्रफल	कैंफियत

च) आवेदकको अनुभव/ कृषि सम्बन्धी तालिम र शैक्षिक योग्यताः

छ) करार खेती कार्यक्रम सञ्चालन पश्चात क्षेत्रफल, करार खेतीबाट हुने प्रत्यक्ष

उत्पादन, उत्पादकत्व, विक्री परिमाण जस्ता विषयहरुको वृद्धि गुणस्तर सुधारका साथै माथि उल्लेखित गरिएका समस्या तथा चनौतिहरु समाधान गर्न के कस्ता कार्यक्रम तथा उपलब्धि हासिल गर्न खोजेको छ वर्णन गर्नहोस्

१. लाभान्वित हुने घरधुरी संख्या

२. वाली वा वस्तुले ढाक्ने क्षेत्रफल

३. उत्पादन परिमाण (वार्षिक)

४. वार्षिक आम्दानी रु.

५. थप रोजगारी संख्या स्थायी.....अस्थायी.....

६. यदि अरु केही भए उल्लेख गर्नुहोस्।

ज) आयोजना सञ्चालनको लागि आर्थिक प्रस्ताव

खर्चको किसिम अनुसार आयोजनाको कुल लागत					
क.स.	क्रियाकलाप	लगत विवरण			
		इकाई	परिणाम	दर	जम्मा
१					
	जम्मा रु.				

अनुसूची-५

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

समझौता पत्रको नमूना

..... बाट सञ्चालन गरिने चालु आ.व. ..... को स्वीकृत कार्यक्रम अनुसार जग्गा करारमा लिइ व्यावसायिक खेती कार्यक्रम सञ्चालन गर्नका निम्ति मन्त्रालय/.....कार्यालय, ... (यस पछि प्रथम पक्ष भनिने) र कार्यक्रम सञ्चालन गर्न छनौट भएका कृषक /कृषक समूह/ फार्म श्री..... (यसपछि दोश्रो पक्ष भनिने) का बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षीय सम्झौता गरिएको छ।

<u>तपसिल :</u>

१. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि जग्गा भाडाको लागि ..... र पुर्बाधार विकासको लागि ..... गरी जम्मा ..... रकम उपलब्ध गराउनेछ। जग्गा भाडाको हकमा पहिलो वर्ष २ किस्तामा र दोश्रो र तेश्रो वर्ष एकै किस्तामा छ महिना पछि भुक्तानी गरिनेछ।

२ संलग्न क्रियाकलापहरुको लागि मात्र अनुदान रकम भुक्तानी हुनेछ ।

२. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउनेछैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

३. खेती व्यवसायबाट उत्पादित कृषि उपजको बजार व्यवस्था दोश्रो पक्षले गर्नु पर्नेछ।

४. प्रथम पक्षले खेती व्यवसायलाई सफल पार्न नियमित रुपमा अनुगमन गर्न सक्नेछ।

५. अनुदान प्राप्त कृषक वा कृषक समूह वा फार्मले प्रत्येक ६ महिनामा प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलाय वा सम्बन्धित .....कार्यालय,.....मा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. मन्त्रालय र यस मातहतका निकायहरुबाट गरिने/ गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ।

८. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

कार्य योजना :

विवरण	इकाइ	परिमाण	दर	जम्मा	स्वलगानी	अनुदान
जग्गा भाडा						
उत्पादन सामग्री						
खोर						
खेती गर्ने टहरा						
पावर टिलर						
पम्पसेट/बोरिङ्ग/मोटर मेसिन						
प्लाष्टिक घर वा टनेल						
अन्य औजार खुलाउने						
भण्डारण घर						

नोटः उल्लेखित भन्दा अन्य क्रियाकलाप वा सामग्री खरिद गर्नुपरेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

<u>अनुदानको विवरण</u>

भाडामा लिएको जग्गाको क्षेत्रफलः.....विगाहा/रोपनी.....कट्ठा कार्यक्रम सञ्चालनका लागि प्रयोग भएको आफ्नो जग्गाको क्षेत्रफलः.....विगाहा/रोपनी.....कट्ठा				
शिर्षक	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	जम्मा
पूर्वाधार विकास खर्चमा पाउने अनुदान रकम				
जग्गा भाडामा पाउने अनुदान रकम				
	कुल जम्मा			

<u>प्रथम पक्ष</u> <u>दोश्रो पक्ष</u>

मन्त्रालय/.....कार्यालय,.....

को तर्फ बाट सहि गर्नेको कार्यक्रम सञ्चालन गर्नेको

नाम नामः

पदः पदः

दस्तखतः दस्तखतः

मितिः मितिः

कार्यालयको छापः

साक्षी साक्षी:

मितिः २०.....साल.....महिना.....गते .....रोज शुभम्।[12]

[12] पहिलो संशोधनद्वारा संशोधन

अनुसूची-६

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

अन्तिम मूल्याङ्कनका आधार

१. कृषक/कृषक समूह/फार्मको नाम:

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रममा सहभागी हुन योग्य हुने आधारहरु

क्र. सं.	मूल्याङ्कनको आधार सूचक	छ	छैन	कैफियत
१	प्रस्तावसाथ पेश गरेका कागजातहरु साँचो भएको(जग्गा करार संझौताको सक्कल प्रति भएको)			
२	आफ्नो स्वामित्वको जग्गा बाहेक कम्तीमा एक हेक्टर जग्गा भाडामा लिएको			
३	करार कार्यक्रम संचालन गर्न आफ्नो स्वामित्वको मात्र वा मिलेमतोको जग्गा प्रयोग गरेको			
४	प्रस्तावनामा पेश गरेको योजना अनुसार हाल खेती/पशुपालन गरिरहेको छ वा आंशिक तयारीमा रहेको			
५	विवादित जग्गा वा मुद्दा परेको जग्गा देखिएको			
६	प्रस्तावमा पेश गरेको खेती/पशुपालन गर्न उपयुक्त देखिएको			
७	व्यवसायिक खेती/पशुपालन विगत केही वर्ष देखि गर्दै आएको			
८	व्यवसायिक खेती/पशुपालन गर्ने आंशिक तयारीमा रहेको वा शुरु नै नगरेको			
९	भूमिहिन भएको र खेती तथा पशुपालन केही वर्ष देखि गर्दै आएको			
१०	भूमिहिन भएको र खेती तथा पशुपालनमा लाग्ने तत्परता देखाएको			
११	समग्रमा करार खेती गर्नका लागि वर्तमानमा योग्य देखिएको			

नोटः माथी उल्लेखित मूल्याङ्कनका आधारहरु मध्ये क्र.स. ३ र ५ साचो भएमा र अनुसूची-२ मा उल्लेखित कागजातहरु नपुगेमा प्रस्तावकको प्रस्ताव अस्वीकृत गरिनेछ। बजेट उपलब्धता भएसम्म एक पटक मापदण्ड नपुगेपछि पुनः अर्को पटक प्रस्तावकले प्रस्तावमा पेश गरेअनुसार खेती गर्ने तत्तपरता देखाएको भनि स्थलगत अनुगमनको प्रतिवेदन प्राप्त भएमा उक्त प्रस्तावलाई स्वीकृत गर्न बाधा पुग्नेछैन। साथै भूमिहीन किसानको हकमा प्रस्तावमा पेश गरेको क्रियाकलापहरु सुरुवात गरेको भनि सामान्य अवस्था देखिएमा पनि स्वतः योग्य हुनेछ। प्रस्तावकलाई आफ्नो योग्यता पुष्टाई गर्ने अवसर बजेट उपलब्ध भएसम्म निरन्तर प्रदान गरिनेछ।[13]

[13] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-७

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

स्थानीय तहको सिफारिसको ढाँचा

श्रीमान् कार्यालय प्रमुखज्यू,
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/.....
कार्यालय,.....
प्रदेश नं. ५, नेपाल ।

विषयः सिफारिस सम्बन्धमा

प्रस्तुत विषयमा यस **.....** नगरपालिका/गाँउपालिका ..... नं वडा **.....** टोल बस्ने श्री **.....** ले देहायको तालिकामा उल्लेख भएका जग्गाधनीहरुको जम्मा **.....** रोपनी/बिगाह/हेक्टर जग्गा भाडामा लिइ सम्झौता बमोजिमको खेती/पशुपालन गरीरहेको र निजले कृषि उत्पादन र उत्पादकत्व बढाउन सघाउ पुऱ्याउनु भएको हुँदा निजलाइ तहाँ निकायको सम्झौता अनुसारको पूर्वाधार विकास खर्च/ जग्गा भाडामा पाउने अनुदान रकम उपलब्ध गराइ दिन सिफारिस साथ अनुरोध छ।

क्र.स.	जग्गाधनीको नाम थर, ठेगाना	भाडामा दिएको जग्गाको कित्ता नं	जग्गाको क्षेत्रफल	कैफियत
१				
२				
३				
		कुल क्षेत्रफल	.....विगाहा/रोपनी....कट्ठा	

दस्तखतः

पदाधिकारीको नाम थरः

मितिः

स्थानीय तहको छापः[14]

[14] पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-८

(दफा ५ को उपदफा (३क) सँग सम्बन्धित)

स्थानीय तहको सिफारिसको ढाँचा

श्रीमान् कार्यालय प्रमुखज्यू,
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/.....कार्यालय,.....
प्रदेश नं. ५, नेपाल ।

विषयः सिफारिस सम्बन्धमा

प्रस्तुत विषयमा यस.....नगरपालिका/गाँउपालिका ...नं वडा ..... टोल बस्नेले श्री ..... ले तहाँको कार्यालयबाट सञ्चालन हुने स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रममा सहभागी हुनको लागि यस कार्यालयमा निवेदन पेश भएकोमा निजले पेश गरेका न्यनूत्तम मापदण्ड, आवश्यक कागजातहरु र यस कार्यालयको कृषि शाखा/पशुपंक्षि शाखाबाट अनुगमन भई बुझ्दा निज प्रस्तावक उक्त कार्यक्रमका लागि योग्य भएको देखिएकाले मन्त्रालय/.....कार्यालयले निजलाई उक्त कार्यक्रममा सहभागी गराइ दिन सिफारिस साथ अनुरोछ छ।

भाडाका लिएको जग्गाको क्षेत्रफल (विगाहा/रोपनी)	कार्यक्रम सञ्चालनका लागि प्रयोग भएको प्रस्तावकको स्वामित्वको जग्गाको क्षेत्रफल (विगाहा/रोपनी	प्रस्तावित व्यवसायिक विवरण	जग्गाको वर्तमान अवस्था

दस्तखतः
पदाधिकारीको नाम थरः
मितिः
स्थानीय तहको छापः[15]

[15] पहिलो संशोधनद्वारा थप